apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः २३८ ● पृष्ठः ४ ● २८ भदौ २०८३ आइतबार (13 September 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

## पाठ्यक्रम सुधारका लागि 'ग्राउण्ड'मै सुझाव संकलन गर्दै शिक्षामन्त्री, औरहीमा सम्बोधनका क्रममा विरोध

शुभ नारायण कामती
सिरहा, भदौ २७ गते



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले आगामी दुई-तीन वर्षभित्र नेपालको पाठ्यक्रम पूर्णरूपमा परिमार्जन गरी वर्तमान आवश्यकता र नेपाली माटोसुहाउँदो शिक्षा प्रणाली विकास गर्ने बताएका छन् । पाठ्यक्रम र शिक्षा ऐन परिमार्जनका लागि सुझाव संकलन गर्न सिरहाका विद्यालयको स्थलगत निरीक्षणमा रहेका मन्त्री पोखरेलले औरही गाउँपालिकामा आयोजित एक कार्यक्रममा सम्बोधन गर्ने क्रममा भने विरोधको सामना गर्नुपरेको छ।

सिरहाका विभिन्न विद्यालयको स्थलगत निरीक्षण तथा शिक्षक, विद्यार्थी र अभिभावकसँग छलफल गर्दै मन्त्री पोखरेलले पाठ्यक्रम र शिक्षा ऐन निर्माण तथा परिमार्जन गर्दा सम्बन्धित पक्षका वास्तविक समस्या र सुझाव समेट्न सरकार 'ग्राउण्ड'मै आएको बताए।

नेपालको दोस्रो चन्द्र माध्यमिक विद्यालयको निरीक्षणका क्रममा उनले अहिले पाठ्यक्रम निर्माण तथा परिमार्जनको चरणमा रहेको जानकारी दिँदै देशभरका विद्यालयमा पुगेर शिक्षक, विद्यार्थी र अभिभावकका सुझाव संकलन भइरहेको बताए।

'मधेश प्रदेश शिक्षामा पछाडि परेको छ। यसमा सुधार गर्नुपर्छ,' उनले भने, 'मधेश प्रदेश सरकारको प्राथमिकतामा छ। शिक्षामा सुधारका लागि प्राथमिकता दिएरै हामी सुझाव संकलन गरिरहेका छौं।'

मन्त्रालय वा काठमाडौंमा बसेर मात्रै नीति, पाठ्यक्रम र कानुन निर्माण गर्दा शिक्षाक्षेत्रका वास्तविक समस्या समेटिन नसक्ने उनको भनाइ थियो।

'काठमाडौं र मन्त्रालयमा बसेर मात्रै पाठ्यक्रम र कानुन बनाएर हुँदैन। ग्राउण्डको कुरा पनि सुन्नुपर्छ,' उनले भने, 'त्यही भएर हामी ग्राउण्डमा आएका छौं र सुझाव संकलन गरिरहेका छौं।'

पाठ्यक्रम परिमार्जन तथा शिक्षा ऐनका विषयमा सुझाव संकलन गर्न देशभर टोली परिचालन गरिएको उनले बताए। प्राप्त सुझावका आधारमा आवश्यक सुधार गर्दै विद्यार्थीले उठाएका कतिपय विषय आगामी शैक्षिक वर्षदेखि नै कार्यान्वयनमा लैजाने र पूर्णरूपमा नयाँ प्रणाली कार्यान्वयन गर्न करिब

बाँकी पृष्ठ ३

## 'रास्वपा नेतृत्वको सरकार पूर्ण रूपमा असफल भइसक्यो'

अपन दैनिक संवाददाता
जनकपुरधाम, भदौ २७ गते



जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको वर्तमान सरकार पूर्ण रूपमा असफल भइसकेको दाबी गरेका छन्।

अग्रगामी मोर्चाले शनिबार जनकपुरमा आयोजना गरेको मधेश प्रदेशस्तरीय कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै राउतले रास्वपा नेतृत्वको सरकार हरेक दृष्टिकोणबाट असफल भइसकेको बताएका हुन्।

सरकारले विदेशमा रहेका नेपालीलाई स्वदेश फर्काउने कुरा गरे पनि पछिल्लो चार महिनामा तीन लाख नेपाली विदेश गएको तथ्यलाई गम्भीर रूपमा लिनुपर्ने राउतले बताए।


स्वास्थ्य बीमा रोकेर सरकारले जनतालाई दुःख दिने काम गरेको उनको आरोप थियो। सीमानाकाबाट एक दर्जन केरा ल्याउँदासमेत रोक्ने सरकारको नीतिको उनले आलोचना गरे।

सरकारका गतिविधिको सामाजिक सञ्जालमार्फत विरोध गर्नेहरूलाई तत्काल पक्राउ गर्न लगाउने जस्ता गतिविधिले पनि सरकार असफल भएको पुष्टि गर्ने राउतको दाबी थियो।

कार्यक्रममा जनता समाजवादी

बाँकी पृष्ठ २

## मधेशमा अस्थायी स्वास्थ्यकर्मीलाई कामकाजमा नखटाउन निर्देशन




अपन दैनिक संवाददाता
जनकपुरधाम, भदौ २७ गते

मधेश प्रदेश सरकारले अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल अन्यत्र कामकाजमा नखटाउन निर्देशन दिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेशअन्तर्गतका स्वास्थ्य निकायलाई पत्राचार गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि अस्थायी दरबन्दी स्वीकृत नभएसम्म गत आर्थिक वर्षमा अस्थायी दरबन्दीमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीलाई कामकाजमा खटाउने वा अन्य कार्यालयमा हाजिर गराउने कार्य नगर्न भनेको हो।

मन्त्रालयका अधिकृत सातौं बच्चे लाल साह तेलीले हस्ताक्षर गरेको पत्रमा २०८३ असार मसान्तसम्म अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई कामकाजमा खटाउन तथा कार्यालयमा हाजिर गराउन रोक लगाइएको उल्लेख छ।

मन्त्रालयका अनुसार प्रदेश मन्त्रिपरिषद्को २०८३/०४/२८ गतेको निर्णयअनुसार अस्थायी दरबन्दीसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न लागिएको उल्लेख छ। सोही निर्णयबारे सम्बन्धित निकायलाई जानकारी गराउँदै निर्देशन पालना गर्न भनिएको छ।

बाँकी पृष्ठ ३

## जिल्ला स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनी माउन्ट एभरेस्ट बोर्डिङ स्कुल प्रथम

रुक्केश कामती/अपन दैनिक
सिरहा, भदौ २७ गते



जिल्ला स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनीमा सिरहा सदरमुकाममा रहेको माउन्ट एभरेस्ट बोर्डिङ स्कुलका विद्यार्थीहरू विजेता बनेका छन्।

मोहन माध्यमिक विद्यालय, मिर्चैयाको आयोजनाको आयोजना र मिर्चैया नगरपालिकाको सहयोगमा आयोजित जिल्ला स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनीमा माउन्ट एभरेस्ट बोर्डिङ स्कुल सिरहाका विद्यार्थीहरूले प्रस्तुत गरेको स्मार्ट ड्रिम म्युनिसिपालिटी परियोजना प्रथम भएको हो । प्रदर्शनीमा विद्यालयका बालबालिकाहरूले स्थानीय तहको सेवा प्रवाहलाई आधुनिक प्रविधिसँग जोड्दै स्मार्ट नगरपालिकाको अवधारणामा तयार पारेको विद्यालयका एमडी हरेराम महतोले बताएका छन्। विद्यार्थीहरूले बनाएको परियोजनामा एआई क्रस बोर्डर आईडेन्टिफिकेशन सिस्टम, एआई वेस्ट सेग्रिगेसन सिस्टम, एआई ड्रोनेश सिस्टम, एआई वाटर फ्लो मोनेटरिङ सिस्टम, एआई वाटर एरिगेशन सिस्टम, अर्थक्वेक डेटेक्सन र टु वे ट्राफिक लाईट विथ वेरियर लगायतका प्रविधि समावेश गरिएको थियो।

विद्यार्थीहरूले तयार पारेको परियोजनाले प्रदर्शनीमा सहभागी निर्णायक तथा दर्शकहरूको समेत ध्यान आकर्षित गरेको माउन्ट एभरेस्ट बोर्डिङ स्कूलका कोर्डिनेटर शशी शेखर लाल कर्णले बताएका छन्। नवीन प्रविधिको प्रयोग, सिर्जनशीलता र व्यावहारिक समाधानलाई आधार मान्दै परियोजना उत्कृष्ट ठहरिएको आयोजक मोहन माध्यमिक विद्यालयका प्राचार्य अशोक यादवले बताए।

विद्यालयका विद्यार्थीहरूको प्रतिभा, मेहनत र सिर्जनशीलताको परिणामले नै यो उपलब्धी हासिल

बाँकी पृष्ठ ४

## सडकपेटीमै सुत्केरी भएकी बबितालाई ८५ हजार सहयोग



अपन दैनिक संवाददाता
सप्तरी, भदौ २७ गते

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालअगाडि सडकपेटीमै बच्चा जन्माएकी बविता पासवानलाई नर्वेमा रहेका नेपाली महिलाहरूले आर्थिक सहयोग गरेका छन्।

पैसाको अभावमा अस्पतालबाट बाहिरिन बाध्य भएपछि गत मंगलबार राति सडकपेटीमै सुत्केरी हुनुपरेको घटनाले दुःखी भएको र मानवीय सहयोगस्वरूप रकम जुटाएको सहयोगकर्ता शिवानी श्रेष्ठले बताइन् । नर्वेमा रहेका १९ जना नेपाली महिलाले ८५ हजार रुपैयाँ ववितालाई

बाँकी पृष्ठ ३




## 'तात्तिँदै वीरगन्ज, सुक्दै मधेश' नारा लिएर जलवायु सम्मेलनमा जाँदै वीरगन्ज

अपन दैनिक संवाददाता
पर्सा, भदौ २७ गते




जलवायु परिवर्तनका कारण तराई-मधेशमा बढ्दै गएको अत्यधिक गर्मी र घट्दो भूमिगत जलसतहको समस्या राष्ट्रिय मञ्चमा उठाउन वीरगन्ज महानगरपालिकाको टोली मुस्ताङको जोमसोम जाने भएको छ।

मुस्ताङको घरपझोङ गाउँपालिकामा भदौ ३० र ३१ गते आयोजना हुने 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३' मा सहभागी हुन महानगरको टोली भदौ ३० मा जोमसोम जाने भएको हो । सम्मेलनका लागि महानगरले 'तात्तिँदै वीरगन्ज, सुक्दै मधेश' नारा तय गरेको छ।

सम्मेलनमा सहभागी हुन जाने महानगरका प्रशासन प्रमुख कीर्ति सुवेदी र वातावरण शाखा प्रमुख राकेश साहलाई कार्यवाहक प्रमुख इम्तियाज आलम र प्रमुख प्रशासकीय अधिकृत वसन्त बोहराले शुक्रबार विशेष कार्यक्रमबीच बिदाइ गरेका छन्। बिदाइ कार्यक्रममा कार्यवाहक

बाँकी पृष्ठ ४

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## टोकनको लाइनमा सुशासन खोज्दै नागरिक

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले सुशासन कायम गर्ने उद्घोष गरेको छ। नागरिकलाई सहज, छिटो, पारदर्शी र सुरक्षित ढंगले सरकारी सेवा उपलब्ध गराउनु सुशासनको पहिलो सर्त हो। तर व्यवहारमा भने नागरिकले सरकारी सेवा लिनकै लागि घण्टौं लाइनमा बस्नुपर्ने, अनावश्यक दुःख र खर्च बेहोर्नुपर्ने तथा एउटै कामका लागि पटक-पटक कार्यालय धाउनुपर्ने अवस्था कायमै छ। जिल्ला प्रशासन कार्यालय सिरहामा राष्ट्रिय परिचयपत्र (एनआईडी) बनाउन आउने सेवाग्राहीको अवस्थाले सास्ती भोग्न बाध्य छन्। सिरहाका विभिन्न गाउँ देहातबाट राष्ट्रिय परिचयपत्र बनाउन सदरमुकाम सिरहा आउने नागरिकले अहिले टोकन पाउनकै लागि ठूलो सास्ती खेप्नुपरेको छ। कार्यालयले दैनिक करिब तीन सय टोकन वितरण गरी सेवा दिइरहेको दाबी गरेपनि सेवा व्यवस्थापनमा कमजोरी हुँदा सेवाग्राहीले सहज अनुभूति गर्न सकेका छैनन्। विशेषगरी ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा बढी समस्यामा परेका छन्। गाउँबाट बिहानै हिँडेर सार्वजनिक यातायातमा आउने नागरिकले टोकनकै लागि बिहान ३ बजेदेखि लाइनमा बस्नुपर्ने अवस्था छ। अझ कतिपय नागरिक भोकभोकै कार्यालय परिसरमा घण्टौं कुर्न बाध्य छन्। एक दिनमै सम्पन्न हुनुपर्ने कामका लागि दुई दिनसम्म धाउनुपर्ने अवस्था आउनु सेवाप्रवाहको गम्भीर कमजोरी हो। यसले नागरिकको समय र पैसा मात्र खर्च गराउँदैन, उनीहरूको आत्मसम्मानमा समेत चोट पुर्‍याउँछ।

सबैभन्दा चिन्ताको विषय सुरक्षा हो। राति वा मध्यरातदेखि कार्यालय परिसरमा टोकनको लाइन लाग्ने अवस्थाले विशेषगरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र टाढाका गाउँबाट एक्लै आउने सेवाग्राहीलाई जोखिममा पार्न सक्छ। सेवा लिन आउने नागरिकलाई असुरक्षित अवस्थामा राखेर सुशासनको लक्ष्य पूरा हुन सक्दैन। समस्या टोकनको संख्या बढाउने विषयमा सीमित छैन्। सेवा व्यवस्थापनको समग्र प्रणालीलाई नागरिकमैत्री बनाउन आवश्यक छ। दैनिक सेवाग्राहीको चापअनुसार टोकन वितरणको वैज्ञानिक व्यवस्था, समय तोकेर सेवा दिने प्रणाली, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै प्राथमिकता र भीड व्यवस्थापन तत्काल गर्नुपर्छ। सम्भव भएसम्म अनलाइन वा फोनमार्फत पूर्वदर्ता तथा समय निर्धारणको व्यवस्था गर्न सके यसले बिहानैदेखि लाइन बस्नुपर्ने बाध्यता अन्त्य गर्न सक्छ। त्यसैगरी, टोकन वितरणको समय र प्रक्रियाबारे स्पष्ट रुपमा सूचना सार्वजनिक गर्नुपर्छ। सेवाग्राहीलाई कहाँ, कहिले र कसरी टोकन प्राप्त हुन्छ भन्ने जानकारी सहज रूपमा उपलब्ध हुनुपर्छ। कार्यालयमा पर्याप्त कर्मचारी परिचालन गरी भीड व्यवस्थापन गर्नुपर्छ। स्थानीय तहसँग समन्वय गरेर गाउँ-गाउँमै आवश्यक पूर्वतयारी तथा सूचना प्रवाह गर्न सके सदरमुकाममा हुने अनावश्यक चापसमेत घटाउन सकिन्छ।

सरकारी सेवा नागरिकका लागि हो, नागरिक सरकारी सेवाका लागि दुःख भोग्न बाध्य हुने होइनन्। राष्ट्रिय परिचयपत्र राज्यको महत्वपूर्ण सेवा भएकाले यसको पहुँच सरल, सुरक्षित र व्यवस्थित हुनु आवश्यक छ। विशेषगरी कमजोर तथा सहारा आवश्यक पर्ने नागरिकलाई घण्टौं लाइनमा उभ्याएर सुशासनको भाषण गर्नुको कुनै अर्थ रहँदैन्। त्यसैले जिल्ला प्रशासन कार्यालय सिरहाले टोकन व्यवस्थापनको समस्यालाई तत्काल गम्भीरतापूर्वक लिएर ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता, व्यवस्थित टोकन प्रणाली, समय निर्धारण, सुरक्षित प्रतीक्षास्थल र पर्याप्त कर्मचारी परिचालन जस्ता उपाय तत्काल लागू गर्नुपर्छ। प्रदेश तथा संघीय सरकारले पनि आवश्यक प्राविधिक र प्रशासनिक सहयोग उपलब्ध गराउनुपर्छ। सुशासन भाषणमा होइन, सरकारी कार्यालयको ढोकामा हुन्छ। बिहान ३ बजे टोकनको लाइनमा बसेको नागरिकले आफ्नो काम सहज र सम्मानपूर्वक सम्पन्न गर्न पाउँदा मात्र राज्यप्रतिको विश्वास बलियो हुन्छ। सिरहाको जिल्ला प्रशासन कार्यालयले यस समस्यालाई एउटा सामान्य भीडको समस्या होइन, नागरिकको अधिकार र राज्यको सेवा-जिम्मेवारीसँग जोडिएको विषयका रूपमा लिएर तत्काल समाधानतर्फ कदम चाल्नु आवश्यक छ।

# सरकारसँगको नागरिकको अपेक्षालाई विपक्षीको चाल भनेर पन्छिने कि जनविश्वास जोगाउने ?

**टंक खनाल**



प्रतिनिधिसभामा १८२ सिटसहित झन्डै दुई तिहाइको जनमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार गठन भएको केही महिनामै चौतर्फी राजनीतिक दबाबमा पर्न थालेको छ।

सत्तारुढ दलकै सांसद अमरेशकुमार सिंहले सरकारविरुद्ध जनआन्दोलन हुने चेतावनी दिइरहेका बेला मधेशमा सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेल अन्तरक्रिया कार्यक्रमबाट बाहिरिनुपरेको घटनाले सरकारप्रतिको बढ्दो असन्तुष्टिको बहसलाई थप चर्काएको छ।

त्यसको अघिल्लो दिन नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनकपुर पुगेर मधेशका मन्त्रीहरूलाई अपमान गरेर हटाइएको दाबी गर्दै त्यसको परिणाम मधेशी जनताले बुझ्ने र चाँडै सरकारविरुद्ध उत्रिने चेतावनी दिएका थिए।

त्यसैगरी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सुरुदेखि नै सरकारका कतिपय निर्णय र कार्यशैलीप्रति प्रश्न उठाउँदै आएका छन्। पछिल्लो पटक उनले आफूहरू सरकारलाई सहयोग गर्न तयार भए पनि सरकारले नै सहकार्यको वातावरण नबनाएको आरोप लगाए।

यता, रास्वपा नेतृत्वको सरकार निर्माणको पृष्ठभूमिमा रहेको जेनजी आन्दोलनका अभियन्ता तथा परिवारका सदस्यहरूबाट समेत सरकारप्रति असन्तुष्टि व्यक्त हुन थालेको छ।

यसरी हेर्दा सरकारको विरोध अब विपक्षी दलको घेराभित्र मात्र सीमित छैन। सत्तारुढ दलकै सांसद, आन्दोलनका अभियन्ता, शहीद परिवार र विभिन्न क्षेत्रका नागरिकबाट समेत सरकारप्रति प्रश्न उठ्न थालेका छन्।

**'सरकारलाई लखेट्ने' चेतावनी दिने आफ्नै सांसद**

रास्वपा सांसद अमरेशकुमार सिंहले यसअघि नै सरकारविरुद्ध जनअसन्तुष्टि बढ्दै गएको संकेत गरेका थिए। उनले छठपछि जनताले सरकारलाई लखेट्ने अवस्था आउने चेतावनी दिएका थिए।

सिंहको अभिव्यक्ति सेलाउन नपाउँदै मधेशमा शिक्षामन्त्री पोखरेललाई कार्यक्रमस्थलबाट बाहिरिनुपर्ने अवस्था बनेपछि 'सरकारविरुद्धको असन्तुष्टि छठसम्म कुर्न नपर्ने हो कि ?' भन्ने राजनीतिक बहस सुरु भएको छ।

यद्यपि, पोखरेलले आफूहरूलाई कसैले लखेटेको नभई दुई जनाले हल्ला गरेपछि बाँकी विद्यार्थी, शिक्षक र अभिभावकको सहभागिता प्रभावित हुने अवस्था बनेकाले कार्यक्रमस्थलबाट बाहिरिएको स्पष्टीकरण दिएका छन्।

उनले घटनाको एक मिनेटभन्दा छोटो भिडियो क्लिप काटेर सम्पूर्ण सन्दर्भ बङ्ग्याइएको दाबी गरेका छन्। लोकतान्त्रिक पद्धतिमा असहमति जनाउने अधिकार सबैलाई भए पनि छोटो भिडियोका आधारमा धारणा बनाउन नहुने उनको भनाइ छ।

तर, मन्त्रीको यो स्पष्टीकरणले घटनाबारे सामाजिक तथा राजनीतिक बहस भने रोकिएको छैन।

**प्रचण्डको दाबी–मधेशले छिट्टै सरकारको हिसाब खोज्छ**

नेपाली कम्युनिष्ट पार्टीका संयोजक प्रचण्डले रास्वपा नेतृत्वको सरकारले मधेश र मधेशी जनतामाथि पहिलो प्रहार गरेको आरोप लगाएका छन्।

शुक्रबार जनकपुरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले मधेशी जनताले आशावादी भएर रास्वपालाई मत दिए पनि अहिले सबैभन्दा ठूलो पीडा मधेशले नै भोग्नुपरेको दाबी गरे।

गरिब, मजदुर र किसानमाथि सरकारले प्रहार गरिरहेको आरोप लगाउँदै उनले भारततर्फका सीमाबाट सामान ल्याउँदा कर तिर्नुपर्ने सरकारी नीतिप्रति पनि आपत्ति जनाए।

प्रधानमन्त्री बालेन्द्र साहको एक अभिव्यक्तिले मधेशी जनताको अपमान गरेको उनको दाबी थियो। 'मधेशको छोरो प्रधानमन्त्री हुन्छ' भन्ने विश्वासका साथ दिएको मत उल्टै मधेशमाथि प्रहारमा परिणत भएको प्रचण्डले बताए।

सरकारको बजेट र नियुक्तिसमेत मधेशविरोधी रहेको आरोप लगाउँदै उनले समय बित्दै जाँदा मधेशका जनताले आफूहरूले गलत ठाउँमा मत दिएको महसुस गर्ने दाबी गरे।

मधेशका मन्त्रीहरूलाई अपमान गरेर हटाइएको दाबी गर्दै प्रचण्डले त्यसको परिणाम मधेसी जनताले बुझ्ने र चाँडै सरकारविरुद्ध उत्रिने चेतावनीसमेत दिएका छन्।

**ओलीको प्रश्न–सहयोग गर्न खोज्दा पनि सरकारले वातावरण दिएन**

एमाले अध्यक्ष ओलीले पनि सरकारसँग सहकार्य गर्न आफूहरू तयार रहेको तर सरकारले नै त्यसका लागि वातावरण नबनाएको बताएका छन्।

शनिबार बाढी प्रभावित नुवाकोट र रसुवामा राहत तथा उद्धारका लागि खटिन लागेको एमालेको सम्पर्क विशेष संगठन कमिटीको टोलीलाई बिदाइ तथा निर्देशन दिँदै ओलीले राज्यशक्तिको दुरुपयोग रोक्न सरकारलाई आग्रह गरे।

उनले सेना र प्रहरीलाई नियम, कानुन र कर्तव्यको सीमाभित्र रहेर काम गर्न आग्रह गर्दै अनावश्यक वा अनुचित आदेश आए त्यसलाई पालना नगर्नेसम्मको चेतावनी दिनुपर्ने बताए।

'पीडितलाई मर्का पर्ने काम गर्नु हुँदैन,' ओलीले भने, 'सरकारमा रहेका मान्छेहरूलाई पनि भन्न चाहन्छु, यस प्रकारको राज्य शक्तिको दुरुपयोग जसरी भइरहेको छ, यो रोक्नुहोस्।'

सरकारलाई साथ दिन र मिलेर काम गर्न तयार रहेको तर सरकारले सहयोग गर्ने वातावरण नदिएको ओलीको आरोप थियो।

यद्यपि सरकारसँग सहकार्यको अवस्था नबने पनि विपद्का बेला एमाले आफ्नो कर्तव्यबाट पछि नहट्ने उनले बताए।

**सिके राउतको निष्कर्ष–सरकार पूर्ण असफल**

यता जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले रास्वपा नेतृत्वको सरकारलाई नै 'पूर्ण रूपमा असफल' भएको घोषणा गरेका छन्।

शनिबार जनकपुरमा अग्रगामी मोर्चाले आयोजना गरेको मधेश प्रदेशस्तरीय कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै राउतले सरकार हरेक दृष्टिकोणबाट असफल भएको दाबी गरे।

विदेशबाट नेपाली फर्काउने कुरा गरेको सरकारले पछिल्लो चार महिनामा तीन लाख नेपाली विदेश गएको तथ्यलाई गम्भीर रूपमा लिनुपर्ने उनको भनाइ थियो।

स्वास्थ्य बीमा रोकेर जनतालाई दुःख दिएको, सीमानाकाबाट एक दर्जन केरा ल्याउँदासमेत रोक्ने नीति लिएको र सामाजिक सञ्जालमा सरकारका गतिविधिको विरोध गर्नेलाई पक्राउ गर्नेजस्ता गतिविधिले सरकार असफल भएको प्रमाणित गर्ने राउतले बताए।

त्यही कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशवादी दल तथा नेताहरूले विगतमा गल्ती गरेको स्वीकार गर्दै अब एकजुट भएर सडक आन्दोलनमा जाने बताए। उनले छठपछि पुनः आन्दोलन गर्ने घोषणा गरे।

**जेनजीको आक्रोश: जसको बलमा सरकार बन्यो, उनीहरू नै असन्तुष्ट**

सरकारमाथिको अर्को गम्भीर प्रश्न यसको जन्मसँग जोडिएको जेनजी आन्दोलनबाटै उठिरहेको छ।

जेनजी आन्दोलनका क्रममा जुन उद्देश्यका लागि सडकमा उत्रिएका युवाले ज्यान गुमाए, अंगभंग भए र घाइते भए, उनीहरूमध्ये धेरैले अहिले सरकारसँग आफ्ना अपेक्षा पूरा नभएको गुनासो गरिरहेका छन्।

जेनजी आन्दोलनका शहीद रसिक खतिवडाकी आमा तथा रास्वपा सांसद रचना खतिवडाले समेत सरकारका कामकारबाहीप्रति असन्तुष्टि जनाउँदै आएकी छन्।

सरकार निर्माणको आधार नै बनेको आन्दोलनका अभियन्ता र शहीद परिवारका सदस्यले सरकारमाथि प्रश्न उठाउनु विपक्षी दलको आलोचनाभन्दा फरक प्रकृतिको राजनीतिक संकेत हो।

किनकि उनीहरूको प्रश्न सरकार परिवर्तनको होइन, आन्दोलनले बोकेको उद्देश्य र त्यसबाट बनेको सरकारबीचको दूरीको हो।

**'विपक्षीको चाल' भन्दै पन्छाउने कि समस्या समाधान गर्ने ?**

सरकार पक्षबाट उठ्ने प्रमुख तर्क सरकारविरुद्ध देखिएका गतिविधि विपक्षी दलको चालबाजी हुन्।

तर, सबै असन्तुष्टिलाई विपक्षीको षड्यन्त्र भनेर पन्छाउँदै जाने हो भने सरकारका वास्तविक कमजोरी पहिचान हुन नसक्ने जोखिम पनि उत्तिकै छ।

अस्पतालमा प्रसूति सेवा प्रभावित भएको विषय संसदमा उठ्दा समेत सत्तापक्षका सांसदहरूले त्यसलाई विपक्षीको चालबाजीका रूपमा व्याख्या गरेका थिए। तर नागरिकका लागि अस्पतालमा सेवा पाइयो

बाँकी पृष्ठ ४ ▸▸

## 'रास्वपा नेतृत्वको सरकार पूर्ण रूपमा असफल ............

पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशवादी दल तथा नेताहरूले विगतमा ठूलो गल्ती गरेको स्वीकार गरे।

पदको लोभमा आफूहरू मूल लक्ष्यबाट विचलित भएको स्वीकार गर्दै यादवले अब आफ्ना गल्ती सच्याएर मधेशवादी दलहरू एकजुट हुनुपर्ने बताए। उनले छठ पर्वपछि पुनः सडक आन्दोलनमा जाने घोषणा पनि गरे।

प्रधानमन्त्री बालेन्द्र साहले 'बल्गर मधेश' बनाउने भाषण गरे पनि सरकार गठन भएको ६ महिनाभन्दा बढी समय बितिसक्दा संविधान संशोधनको विषय बिर्सिएको यादवको आरोप थियो।

उनले जनसंख्याका आधारमा बजेट विनियोजन गर्नुपर्ने र संविधान संशोधन गर्नुपर्ने माग दोहोर्‍याए।

कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट दुई हजारभन्दा बढी नेता तथा कार्यकर्ताको सहभागिता रहेको आयोजकले जनाएको छ।

## आजको राशिफल

**मेष :** तपाईंले सुरु गर्नुभएको कामको दाजुभाइ तथा छिमेकीबाट उच्च मूल्याङ्कन हुने ग्रहयोग रहेको छ।

**बृष :** आफन्त तथा कुटुम्बका साथ रमाइलो यात्रा गर्दै मिष्टान्न भोजन ग्रहण गर्ने अवसर प्राप्त हुनेछ।

**मिथुन :** पढाइ लेखाइका अलावा खेलकुद तथा अन्य क्रियाकलापमा भाग लिई नाम तथा दाम दुवै कमाउन सकिने छ।

**कर्कट :** समय मध्यम रहेकोले पढाइ लेखाइमा भनेजस्तो प्रगति गर्न सकिने छैन।

**सिंह :** आज कम बोल्नु उचित हुनेछ। गोपनीयता भंग नगर्नु फाइदा हुन्छ।

**कन्या :** शुभ खबर सुन्न पाइने छ। परिवारसँग रमाइलो घुमघामको तय हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्ने छ।

**तुला :** यात्रा गर्दा सचेत हुनुपर्नेछ। श्रमको मूल्य अर्काले खाने जोखिम छ। शिक्षामा थप मिहिनेत गर्नुपर्ने देखिन्छ।

**वृश्चिक :** आज कम बोल्नु उचित हुनेछ। साथीको साथ मिल्ने छ। बौद्धिक व्यक्तिसँगको अन्तरक्रियाले मन प्रशन्न हुनेछ।

**धनु :** आज गुम्न लागेको धन हात लाग्नेछ। स्वास्थ्यमा सुधार हुनेछ। राज्यको माथिल्लो निकायबाट तपाईंको पक्षमा निर्णय हुनेछ।

**मकर :** दिन राम्रो छ। शिक्षाको क्षेत्रमा प्रगति हुनेछ। निजी शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ।

**कुम्भ :** दिन सामान्य छ। खानपानमा ख्याल नगर्दा रोगले सताउने छ। धार्मिक कार्यमा सहभागी भएमा दिन सहज बन्ने छ।

**मीन :** दिन राम्रो छ। शिक्षामा सफलता मिल्ने छ। परीक्षा लेखेको भए नतिजा राम्रो प्राप्त हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेश प्रदेशको वनमा करोडौंको काठ सड्दै

अपन दैनिक संवाददाता
सिरहा, भदौ २७ गते

मधेश प्रदेशको वन क्षेत्रमा हरेक वर्ष करोडौं मूल्यका काठ कुहिएर, मक्किएर र डढेलोले नष्ट भइरहेको छ। धेरै वनमन्त्री फेरिए, कति वन अधिकृतले कार्यभार सम्हाले तर वनमै ढलेको काठ त्यसै खेर जाने समस्या भने दशकौंदेखि जस्ताको तस्तै छ।

रुख ढल्छ, सुक्छ, किरा लाग्छ, आगलागीमा पर्छ तर त्यसको व्यवस्थापन हुँदैन। न समयमै कटान हुन्छ, न लिलामी, न उपयोग। अन्ततः त्यो काठ वनमै कुहिएर सकिन्छ। यसले वन जोगिएको त देखाउँछ, तर देश र प्रदेशका नागरिकले वनबाट न काठ-दाउरा पाउँछन्, न त राज्यले राजस्व।

महोत्तरीको सब-डिभिजन कार्यालय माईस्थानको प्रांगण र त्यस वरिपरि झाडीले ढकमक्क ढाकेको अवस्थामा यत्रतत्र गोलिया काठ राखिएको छ। पूर्व-पश्चिम राजमार्गको उत्तरमा प्रसिद्ध माईस्थान मन्दिरसँगै रहेको सब-डिभिजन कार्यालयको आसपाससमेत वर्षौंदेखि राखिएको काठ लिलाम, बिक्री वा प्रयोग नहुँदा कुहिएर नष्ट हुने क्रममा छ। मधेश सरकारले यसको लिलाम, बिक्री-वितरण, व्यवस्थापन र पारदर्शिताका आधारमा काठ आमनागरिकको पहुँचमा नल्याउँदा त्यसै कुहिएर नष्ट भइरहेको छ।

गत वर्ष रौतहटको चन्द्रपुर नगरपालिकाको गैंडाटार सब-डिभिजन वनमा सल्किएको डढेलोमा २२ चट्टा काठ स्वाहा भयो। दोस्रो पटक सोही स्थानमा डढेलो लाग्दा ११ चट्टा दाउरा जलेर नष्ट भयो, जसले सरकारलाई करोडौंको नोक्सानी भयो। समयमै दाउरा सर्वसाधारणलाई दिइएको वा लिलाम बिक्री व्यवस्थापन भएको भए जल्ने थिएन, तर कसैको उपयोगबिनै आगोले स्वाहा बनायो।

पूर्व-पश्चिम राजमार्गसँगै २०७६ सालमा हेटौंडा-ढल्केबर-दुहबी प्रसारण लाइन निर्माण गर्दा मधेशका आठै वटा जिल्लामा वन फँडानी गरिएको थियो। सोही फँडानीबाट काटेर जम्मा गरिएका दाउरा राजमार्ग छेउ चट्टाका रूपमा राखिएको अवस्थामा आगो सल्केर खरानी भए। यसरी विद्युत् प्रसारण लाइनका लागि मधेशका आठै जिल्लामा साललगायत अन्य रुख



कटान गरिएको थियो। तर करिब पाँच वर्षदेखि अलपत्र छाडिएको काठ-दाउरा त्यसै कतै आगोले त कतै कुहिएर नष्ट भइरहेका छन्।

प्रदेश वन निर्देशनालयको तथ्यांकअनुसार महोत्तरीको जंगलमा करोडौं मूल्यका हजारौं क्युबिक फिट काठ कुहिएर नष्ट हुँदै छन्। एकातिर जिल्लाका काठ-दाउरा उपभोक्तालाई मागबमोजिम उपलब्ध गराउन सकिएको छैन भने अर्कातिर सरकारी वनमा भने लाखौं मूल्यका काठ कुहिएर नष्ट हुने अवस्थामा छन्। जंगलमा विभिन्न समयमा तस्करबाट समातिएका, वनमा संकलन गरिएका ढलापडा र साझेदारी वनका काठ समयमा लिलाम नहुँदा सरकारको लाखौं राजस्व गुमेको छ।

अहिले महोत्तरीस्थित विभिन्न वनमा करिब ७५ हजार ५ सय १७ घनफिट काठ र १ सय ९७ चट्टा दाउरा यत्रतत्र अलपत्र अवस्थामा देखिन्छन्। वनमा रहेका काठका गोलियाको उचित व्यवस्थापन नहुँदा हरेक वर्ष गुणस्तर बिग्रिरहेको छ र समयमै व्यवस्थापन नगर्दा ती काठ सड्न थालेका छन्।

तर निमित्त वन निर्देशक लालबाबु यादवले महोत्तरीमा ५२ हजार क्युफिट काठ-दाउरा व्यवस्थापन समितिमार्फत

बाँकी पृष्ठ ४ ▸▸

## पाठ्यक्रम सुधारका लागि 'ग्राउण्ड'मै सुझाव संकलन गर्दै .............

दुई वर्ष लाग्ने उनको भनाइ छ।

**सैद्धान्तिकभन्दा सीपमूलक शिक्षामा जोड**

मन्त्री पोखरेलले नेपालको शिक्षा प्रणालीमा सीपमूलक शिक्षालाई प्राथमिकता दिइने बताए। विद्यार्थीले अत्यधिक सैद्धान्तिक शिक्षा लिनुपरेको गुनासो गरिरहेको उल्लेख गर्दै उनले पढाइसँगै व्यवहारिक तथा सीपमूलक शिक्षामा जोड दिने गरी शिक्षा प्रणाली सुधार गर्नुपर्ने बताए।

'स्किल एजुकेसनमा जोड दिन्छौं,' उनले भने, 'विद्यार्थीले थ्योरी बढी पढ्छौं भनिरहेका छन्। अब सीपमा पनि जोड दिने गरी शिक्षामा सुधार हुनुपर्छ।'

निरीक्षणका क्रममा चन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक जितेन्द्र यादवले विद्यालयमा आवश्यक सुविधासहितको छात्रावास निर्माण तथा विभिन्न विषयमा स्नातक तहको पठनपाठन सञ्चालनका लागि सम्बन्धनलगायतका विषयमा मन्त्रीको ध्यानाकर्षण गराएका थिए।

मन्त्री पोखरेलले सिरहा पुस्तकालयको समेत निरीक्षण गरेका छन्। सिरहा पुस्तकालय देशकै पुराना पुस्तकालयमध्ये एक रहेको उल्लेख गर्दै उनले यसको संरक्षण तथा विकासका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए।

उनले सिरहाका सूर्यनारायण-सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस, बहिरा विद्यालय, सुन्दर जनता माध्यमिक विद्यालय औरही, जनता माध्यमिक विद्यालय बरियारपट्टीलगायत जिल्लाका १० भन्दा बढी विद्यालयको स्थलगत निरीक्षण गरेका थिए।

**औरहीमा सम्बोधनका क्रममा विरोध**

यसैबीच, औरही गाउँपालिकामा आयोजित कार्यक्रममा मन्त्री पोखरेलले सम्बोधन सुरु गर्ने क्रममा केही सहभागीले विरोध र होहल्ला गरेपछि उनले आफ्नो सम्बोधन बीचमै रोकेर कार्यक्रमस्थलबाट बाहिरिएका थिए।

कार्यक्रममा मन्त्री पोखरेलसहित प्रतिनिधिसभा सदस्यहरू बब्लु गुप्ता, शिव शंकर यादव र पुरुषोत्तम यादव, जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतो तथा स्थानीय जनप्रतिनिधि, शिक्षक, विद्यार्थी र अभिभावक सहभागी थिए।

गाउँपालिका अध्यक्ष शिवजी यादवले मन्तव्य राखिसकेपछि मन्त्री पोखरेल सम्बोधनका लागि उठेका थिए। उनले सम्बोधन सुरु गर्नासाथ केही सहभागीले विरोध गर्दै होहल्ला गरेपछि कार्यक्रमको वातावरण असहज बनेको थियो।

कार्यक्रममा जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतो, राष्ट्रिय स्वतन्त्र पार्टीका नगर सभापति सन्तोषकुमार यादवसहित अन्य सहभागीलाई मन्तव्य राख्ने अवसर नदिइएको भन्दै केही सहभागीले असन्तुष्टि जनाएका थिए। कार्यक्रम सञ्चालन तथा वक्ता छनोटको विषयमा समेत प्रश्न उठाइएको बताइएको छ।

रास्वपाका स्थानीय नेताहरूले भने कार्यक्रमबारे आफूहरूलाई अन्तिम समयमा मात्र जानकारी दिइएको र नगर सभापति सन्तोष कुमार यादवलाई आसन ग्रहणको अवसरसमेत नदिइएको आरोप लगाएका छन्। उनीहरूले यादवले कार्यक्रमको भिडियो खिचिरहेका बेला मन्त्रीका सहयोगीले सुरक्षाकर्मीको सहयोगमा मोबाइल खोस्ने प्रयास गरेको आरोपसमेत लगाएका छन्।

यता, मन्त्री पोखरेलले घटनाबारे आफ्नो धारणा सार्वजनिक गर्दै कार्यक्रममा दुई जना व्यक्ति आएर होहल्ला गरेपछि विद्यार्थी, शिक्षक तथा अभिभावकको सहभागिता प्रभावित हुने अवस्था बनेकाले आफू कार्यक्रमस्थलबाट बाहिरिएको बताएका छन्।

उनले घटनाको पूर्ण सन्दर्भ नबुझी छोटो भिडियोका आधारमा धारणा बनाउनु वा नियोजित भ्रमको पछि लाग्नु उचित नहुने बताएका छन्। कार्यक्रमको मूल उद्देश्य प्रभावित नहोस् भन्ने कारणले आफूले सम्बोधनलाई निरन्तरता नदिएको उनको भनाइ छ।

घटनापछि सामाजिक सञ्जालमा कार्यक्रमका विभिन्न दृश्यसहितका भिडियो सार्वजनिक भएका छन्। भिडियोका आधारमा फरक-फरक धारणा सार्वजनिक भइरहेका बेला कार्यक्रमको समग्र सन्दर्भ, सहभागीका भनाइ र मन्त्रीको स्पष्टीकरणलाई समेत आधार बनाएर घटनालाई बुझ्नुपर्ने देखिन्छ।

शिक्षामन्त्रीको सिरहा भ्रमणका क्रममा विद्यालय तथा शैक्षिक संस्थाको अवस्था, पाठ्यक्रम सुधार र शिक्षा क्षेत्रमा देखिएका समस्याबारे स्थलगत जानकारी तथा सुझाव संकलन गरिएको थियो। औरहीमा भएको विरोधले भने उक्त भ्रमणका क्रममा स्थानीय तहमा देखिएको असन्तुष्टिलाई समेत सतहमा ल्याएको छ।

## सडकपेटीमै सुत्केरी भएकी बबितालाई .............

सहयोग गरेको उनको भनाइ छ। उक्त रकम बबिताकोखातामा पठाइएको छ।

सहयोग गर्नेहरूमा शिवानी श्रेष्ठ, शान्ति पुन अग्रेजा, नीतु थापा, कुमारी राना मगर, पवित्रा लिम्बू, रेखा लिम्बू, रेखा थापा, सजना पुडासैनी, सन्ध्या कार्की, जोइभिन (जोबेन) बाल्मेओ, निक्की उपफ्लोड, लिस सेभेन्सरुड, प्रणी क्रिस्टोफर्सेन, अन्जोलिका बर्ग, अन्जु परियार, हिरा सुनुवार, राम माया फगामी, ता माया पुन र सुनिता लिम्बू रहेका छन्।

सहयोग रकमले नवजात शिशु र सुत्केरी आमाको तत्कालीन आवश्यकता पूरा गर्न केही राहत पुग्ने विश्वास उनीहरुको छ।

## मधेशमा अस्थायी स्वास्थ्यकर्मीलाई .............

पत्र प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र तथा प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय र प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूलाई पठाइएको छ।

मन्त्रालयले अस्थायी दरबन्दीमा रहेका कर्मचारीको कामकाज र हाजिरीसम्बन्धी व्यवस्थामा एकरूपता कायम गर्न यस्तो निर्देशन जारी गरेको जनाएको छ। उनीहरूलाई सम्बन्धित कार्यालयमै हाजिर गराउन भनेको हो।










# मधेशका अर्थमन्त्रीको १०० दिन: वित्तीय अनुशासनदेखि संरचनात्मक सुधार प्रयास गरेको दाबी

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २७ गते**



मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले आफ्नो कार्यकालको १०० दिनमा वित्तीय सुशासन, प्रशासनिक सुधार, खर्चमा मितव्ययिता र संरचनात्मक बजेट सुधार भएको बताएका छन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट २०८२ जेठ १२ गते अर्थमन्त्री बनेका दलका नेता भट्टराई १३ गते पदभार ग्रहण गरेका थिए ।

उनले आफ्नो कार्यकालको सयदिन पुगेको अवसरमा पत्रकार सम्मेलन गर्दै प्रशासनिक सुधारदेखि बजेट निर्माणसम्ममा सुधारको गरेको उपलब्धि पत्र सार्वजनिक गरेका हुन् ।

उपलब्धि पत्रमा प्रशासनिक सुधारअन्तर्गत अर्थ मन्त्रालयले आफ्नै ३२ प्रतिशत कर्मचारी दरबन्दी कटौती गरेको उल्लेख छ । लामो समयदेखि एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा गरिएको छ भने 'एक कर्मचारी, एक कार्यालय' नीति लागु गरिएको छ ।

उपलब्धि पत्रमा चालु आर्थिक वर्षमा रकमान्तर तथा थप निकासा ५३.५७ प्रतिशत र असारमा हुने असारे विकाससम्बन्धी रकमान्तर ९५.९६ प्रतिशतले घटाइएको उल्लेख छ । कानुनविपरीत रकमान्तर तथा थप निकासाका लागि आएका १२० भन्दा बढी फाइल सम्बन्धित निकायमै फिर्ता पठाइएको उल्लेख छ ।

बजेट प्रविष्टि सम्बन्धित मन्त्रालयबाटै गर्ने व्यवस्था लागु गरिएको तथा स्थानीय तहमा अनुदान हस्तान्तरणलाई रातो किताबसँगै जोडिएको मन्त्री भट्टराईले बताए ।

सेवा सुविधातर्फ प्रदेश निजामती तथा स्थानीय सेवाका कर्मचारीको सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि, कार्यसम्पादनका आधारमा १० प्रतिशतसम्म प्रोत्साहन भत्ता तथा विद्युतीय हाजिरी अनिवार्य गर्ने व्यवस्था गरिएको छ । खर्च नियन्त्रणका लागि नयाँ खर्च मापदण्ड निर्देशिका पनि कार्यान्वयनमा ल्याइएको मन्त्री भट्टराईको भनाइ छ ।

उनका अनुसार एक करोड रुपैयाँभन्दा कमका नयाँ योजना र नयाँ सवारी साधन खरिदमा रोक लगाइएको छ । गत आर्थिक वर्षमा रहेको २७ हजार ४०४ बाट योजना संख्या घटाएर १५ हजार ८०८ मा सीमित गरिएको छ ।

राजस्वतर्फ स्थानीय तहबाट बाँडफाँडबापत करिब २० करोड रुपैयाँ प्राप्त गरिएको र प्रदेश जनस्वास्थ्य प्रयोगशालाको राजस्व प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गरिएको उनले बताए ।

विगतमा गर्न नसकिएका वितीय सुशासन तथा संरचागत सुधारमा, सरुवामा आफू आए यता सुधारका लागि कडा रुपमा लागिरहेको उनको भनाइ छ । सुशानको मामिलामा आफूले कुनै सम्झौता नगर्ने उनले बताए ।


- ग्राहक बन्नु परेमा ।
- नवीकरण गर्नु परेमा ।
- ठेगाना परिवर्तन भएमा ।
- पत्रिका नियमित नआएमा ।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**


# वर्तमान सरकारसँग जनताको तीव्र आकांक्षा छ, राम्ररी काम गरोस् : माधवकुमार नेपाल



**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, भदौ २७ गते**

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सहसंयोजक माधवकुमार नेपालले संविधानको रक्षाका लागि परिवर्तनकारी शक्तिहरूबीच एकता हुनुपर्ने बताएका छन् । शनिबार वीरगञ्जमा भएको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले ठूलो सङ्घर्ष र बलिदानबाट प्राप्त मौलिक हक, लोकतन्त्र, सङ्घीयता, समावेशितालगायत प्राप्त संवैधानिक अधिकार संरक्षण गर्दै नागरिकका हक पूर्ण कार्यान्वयनका लागि पनि परिवर्तनकारी शक्तिबीचको कार्यगत एकताको आवश्यकता रहेको बताएका हुन् ।

'संविधान सामान्य परिवर्तनबाट आएको होइन, अहिलेको संविधानको रक्षा गर्न राजनीतिक दलबीच एकता, सहकार्य र समन्वय आवश्यक छ,' नेता नेपालले भने, 'जनतालाई सुशासनसहितको सेवा प्रवाहमा सबै एक भई अगाडि बढ्नुको विकल्प छैन ।'

उनले आदिवासी महिला, जनजाति, मधेशी, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्रलगायत सिमान्तृकत समुदायको संवैधानिक अधिकार संरक्षण गर्नु सबैको दायित्व रहेको बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका सहसंयोजक नेपालले वर्तमान सरकारप्रति जनताको तीव्र आकांक्षा भएकाले जनताको चाहनाअनुसार काम गर्नुपर्ने धारणा राखे ।

यस्तै, यही भदौ १० गतेको भोटेकोशी बाढीपछि बेपत्ताको खोजी र उद्धारमा सरकारले थप तीव्रता दिनुपर्नेमा उनले जोड दिए ।

'देश अहिले विपत्मा छ, हिमाली बाढीका कारण ठूलो जनधनीको क्षति भएको छ,' उनले भने, 'खोजी कार्यमा सरकारले उपलब्ध स्रोतसाधन, विभिन्न सङ्घसंस्था तथा राजनीतिक दललाई पनि उद्धार र राहतमा खटाउन सक्नुपर्छ ।'

उनले अघिल्लो भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएको घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गर्नुपर्ने माग गरे ।


लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।


## मधेश प्रदेशको वनमा करोडौंको काठ ..............

बिक्री-वितरण गरिएको बताए । उनले भने, 'सप्तरीमा आठ हजार क्युफिट र सर्लाहीमा प्रक्रिया बढेको छ । धनुषामा समेत काठ-दाउरा लिलामीको प्रक्रिया अघि बढेको छ । विगतमा संघीय वन ऐन र प्रदेशको वन ऐनका कारण काठ लिलाम तथा बिक्री-वितरण अवरुद्ध रहे पनि अहिले बाधा फुकेर बिस्तारै पुराना तथा नयाँ काठ व्यवस्थापन र मूल्यांकन भएर प्रक्रिया अघि बढेको छ । मन्त्रालय र निर्देशनालयले पुरानो काठ बिक्री-वितरणमा एकदमै तदारुकता देखाएको छ ।'

यो समस्या कुनै एक जिल्लाको मात्र होइन, मधेश प्रदेशका आठै जिल्लामा काठको बिक्री-वितरण र व्यवस्थापन हुन नसक्दा बर्सेनि करोडौंको काठ कुहिएर गइरहेको छ । मधेशमा हाल ७४ लाख ६७ हजार ३२ घनफिट काठ र १ हजार ४ सय ६ चट्टा दाउरा उत्पादन भएकोमा आर्थिक वर्ष २०८२/०८३ को मसान्तसम्म ५३ लाख १६ हजार ४५ घनफिट काठ र ८ सय १६ चट्टा दाउरा बिक्री-वितरण भएको छ । वन निर्देशनालय मधेशका निमित्त कार्यालय प्रमुख तथा वन निर्देशक लालबाबु यादवका अनुसार काठ र दाउराको चट्टा बिक्रीबाट सरकारको खातामा २० करोड ४५ लाख ६२ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

मधेश सरकारका पूर्व वन कर्मचारी तथा पर्यावरण अभियानकर्मी सुरेश शर्माले हरेक वर्ष काठ संकलन र वितरण जिल्ला वन पैदावार आपूर्ति समिति, साझेदारी वन व्यवस्थापन समूह, सामुदायिक वन उपभोक्ता समिति र डाँक लिलामबाट हुने बताए । उनले सामुदायिक उपभोक्ताबाट उत्पादित काठ उपभोक्ताभित्रै आन्तरिक खपतबाट २५ प्रतिशत आपूर्ति समितिलाई दिने प्रावधान रहेको जानकारी दिए ।

साझेदारी वनको काठमा ५०/५० प्रतिशत र वन कार्यालयको आपूर्ति समिति वा लिलाम बढाबढ गर्ने प्रावधान रहेको उनले सुनाए । यसरी हरेक सामुदायिक वन र साझेदारी वनबाट आएको काठ जिल्ला वन पैदावार आपूर्ति समितिमा आउने र त्यसलाई बिक्री-वितरणका लागि हरेक वर्ष कार्यविधि/कार्ययोजना बनाउनुपर्ने बाध्यताले कठिनाइ हुने गरेको अभियानकर्मी शर्माको भनाइ छ ।

'हरेक वर्ष कार्यविधि बनाउनुपर्ने भएकाले भदौमा उपभोक्ता समिति, जिल्ला वन, वन निर्देशनालय हुँदै मन्त्रालयसम्म स्वीकृति पाउन समय लाग्छ, जसले गर्दा काठ लिलामी तथा बिक्री-वितरण प्रक्रिया ढिला हुन्छ,' उनले भने, 'कतिपय काठ मुद्दा प्रक्रियामा अदालतमा रहँदासमेत काठ-दाउरा सड्ने गरेका छन् । कतिपय मुद्दामा बेन्चले नै काठ-दाउरा सडेगलेर जाने भएकाले लिलाम गर्न आदेश दिए पनि कतिपय मुद्दाको किनारा नलागेसम्म बिक्री-वितरणमा रोक लगाउँदा काठ-दाउरा सड्ने गरेका हुन् ।'

मधेश प्रदेशको आर्थिक सर्वेक्षण ०८०/८१ अनुसार नेपालको कुल वन क्षेत्रमध्ये मधेश प्रदेशमा सबैभन्दा कम ३.९ प्रतिशत अर्थात् २ लाख ३७ हजार ६ सय ३६ हेक्टर वन क्षेत्र रहेको छ । मधेश प्रदेशको कुल क्षेत्रफलको २४.७८ प्रतिशत वन क्षेत्र रहेको छ । मधेश प्रदेशभित्र रहेका ५ सय ४९ वटा सामुदायिक वनले ७७ हजार ८ सय ४४ हेक्टर, १७ वटा साझेदारी वनले ४६ हजार १ सय ४४ हेक्टर र ४९ वटा गरिब-विपन्नका लागि कबुलियती वनले २ सय ३७ हेक्टर क्षेत्र ओगटेका छन् । १२ वटा धार्मिक वनले १ सय ३३ हेक्टर, एक वटा वन संरक्षण क्षेत्रले ३ सय ६० हेक्टर, १ वटा चक्ला वनले १ हजार ५३ हेक्टर, सरकारद्वारा व्यवस्थित वनले ४८ हजार ९ सय ७४ हेक्टर र निजी वनले ६ सय ८१ हेक्टर वन ओगटेका छन् ।

## जिल्ला स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनी माउन्ट .............

भएको कोर्डिनेटर कर्णले बताएका छन् । विद्यार्थीहरुमा वैज्ञानिक सोच, अनुसन्धानात्मक क्षमता र प्रविधिमैत्री सीप विकास गर्ने गतिविधिलाई निरन्तरता दिने विद्यालयका इडि महतोले बताए ।

सो प्रदर्शनीमा जनता वनवाली माध्यमिक विद्यालय वर्छ्वा दोस्रो स्थान हासिल गरेका थिए । जिल्लाभरका ३३ विद्यालय प्रदर्शनीमा सहभागिता जनाएका थिए ।

प्रथम स्थान हासिल गरेको माउन्ट एभरेष्टका विद्यार्थीहरुलाई नगद ३१ हजार, प्रमाण पत्र, मेडल र ट्रफी प्रदान गरिएको छ । त्यसैगरी दोस्रो स्थान हासिल गरेको जनता वनवालीका विद्यार्थीलाई २५ हजार नगद, प्रमाणपत्र, मेडल, तेस्रो स्थान हासिल गरेको स्वस्तिक पाठशालाका विद्यार्थीहरुलाई नगद २० हजार सहित मेडल, प्रमाणपत्र प्रदान गरिएको आयोजक मोहन माविका प्राचार्य यादवले बताए । यस्तै नवप्रर्वधनतर्फ आयोजक मोहन मावि र प्रेजेन्टेशनतर्फ सगरमाथा माध्यमिक विद्यालय मिर्चैयाका विद्यार्थीहरुले पुरस्कृत भएको थियो ।

## 'तात्तिँदै वीरगन्ज, सुक्दै मधेश' नारा लिएर जलवायु ............

प्रमुख आलमले जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा मात्र नभई तराई-मधेशमा पनि गम्भीर रूपमा देखिन थालेको बताए । उनका अनुसार वीरगन्जसहित मधेशका विभिन्न क्षेत्रमा भूमिगत जलसतह घट्दै जाँदा खानेपानीको समस्या चर्किंदै गएको छ ।

'जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा मात्र सीमित नरहेर तराई-मधेशमा अझ भयावह रूपमा देखिन थालेको छ,' उनले भने, 'जोमसोममा हुने भेलामार्फत मधेशले भोगिरहेको वातावरणीय संकट र तराईका वास्तविक समस्यालाई दृढताका साथ प्रस्तुत गर्नेछौं ।'

प्रमुख प्रशासकीय अधिकृत बोहराले सम्मेलनले स्थानीय तहहरूलाई जलवायु परिवर्तन अनुकूलनका रणनीति बनाउन साझा मञ्च उपलब्ध गराउने बताए । हिमालदेखि तराईसम्मका स्थानीय तह एकै ठाउँमा उभिएर साझा रणनीति निर्माण गर्नु आवश्यक रहेको उनको भनाइ छ ।

सम्मेलनमा मधेशका तर्फबाट ठोस सुझाव र प्रतिवेदन प्रस्तुत गरिने उनले बताए । 'हिमालदेखि तराईसम्मका स्थानीय तहहरू एकै ठाउँमा उभिएर साझा रणनीति बनाउनु आजको आवश्यकता हो,' उनले भने ।

घरपझोङ गाउँपालिकाको आयोजनामा नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न भगिनी स्थानीय तहको सहयोगमा हुने सम्मेलनमा देशभरका स्थानीय तहका प्रतिनिधि तथा जलवायु विज्ञहरूको सहभागिता रहनेछ । सम्मेलनको समापनमा कालीगण्डकीको तटबाट 'घरपझोङ घोषणापत्र, २०८३' जारी गर्ने तयारी गरिएको छ । घोषणापत्रमा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि स्थानीय तहले अपनाउनुपर्ने रणनीति र साझा प्रतिबद्धता समेटिने जनाइएको छ ।

## सरकारसँगको नागरिकको अपेक्षालाई विपक्षीको .............

कि पाइएन भन्ने प्रश्न राजनीतिक आरोप-प्रत्यारोपभन्दा ठूलो हुन्छ ।

त्यस्तै ग्यासको अभाव, बाढीपहिरो प्रभावितको उद्धार तथा राहत, पुनःस्थापना, दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति र सार्वजनिक सेवाको प्रभावकारिताजस्ता विषयले सरकारको जनसम्बन्धलाई प्रत्यक्ष प्रभावित गरिरहेका छन् ।

विपद्को समयमा राज्यको उपस्थिति नागरिकले महसुस गर्न नसके त्यसको दोष विपक्षीलाई दिएर सरकार उम्किन सक्दैन ।

**बहुमत सरकारको शक्ति हो, दम्भ होइन**

रास्वपासँग १८२ सांसद छन् । यो सामान्य बहुमत मात्र होइन, अभूतपूर्व जनादेश हो । जनताले पुराना राजनीतिक शक्तिप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक विकल्पप्रतिको विश्वासका साथ दिएको मत हो ।

तर ठूलो जनमतसँगै ठूलो अपेक्षा पनि जोडिएको हुन्छ ।

सरकारले आफ्नो उपलब्धिको सूची देखाएर जनतासँग समर्थन माग्न सक्छ । तर जनताले सरकारको मूल्यांकन घोषणापत्र, भाषण वा सामाजिक सञ्जालको लोकप्रियताबाट मात्र गर्दैनन् । उनीहरूले ग्यास पाए कि पाएनन्, अस्पतालमा उपचार पाए कि पाएनन्, बाढीमा उद्धार भयो कि भएन, राहत पुग्यो कि पुगेन, रोजगारीको अवस्था सुध्रियो कि सुध्रिएन र राज्यसँग प्रश्न गर्दा पक्राउ पर्नुपर्छ कि जवाफ पाइन्छ भन्ने आधारमा सरकारको मूल्यांकन गर्छन् ।

त्यसैले मधेशमा मन्त्री कार्यक्रमबाट बाहिरिनुपर्ने घटना आफैंमा सरकारको जनमत समाप्त भएको प्रमाण होइन । मन्त्रीले दिएको स्पष्टीकरणलाई पनि बेवास्ता गर्न मिल्दैन । तर, त्यसलाई सत्तारुढ सांसदको चेतावनी, विपक्षी दलको आक्रोश, जेनजी अभियन्ताको असन्तुष्टि, शहीद परिवारका प्रश्न र जनजीवनसँग जोडिएका गुनासोसँग जोडेर हेर्दा सरकारका लागि यो गम्भीर खबरदारीको संकेत भने हो ।

सरकारले अब हरेक आलोचनालाई विपक्षीको चालबाजी भनेर पन्छ्याउनेभन्दा आलोचनाभित्रको वास्तविक गुनासो छुट्याउनुपर्ने देखिन्छ ।

१८२ सिट सरकारको शक्ति हो, जनतामाथि दम्भ देखाउने आधार होइन । ठूलो बहुमतले सरकारलाई पाँच वर्ष शासन गर्ने अधिकार दिएको छ, तर जनताको प्रश्नबाट पाँच वर्ष मुक्त गरेको छैन ।

अहिलेको चुनौती विपक्षीलाई हराउनु होइन, आफूलाई मत दिने जनताको विश्वास जोगाउनु हो । सरकारसँग त्यो अवसर अझै छ । तर त्यसका लागि भाषणभन्दा परिणाम र प्रतिवादभन्दा जवाफदेहिता आवश्यक देखिन्छ ।